# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०५।१९ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये नक्कली स्थायी अध्यापन अनुमति पत्र र सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दाहरुमा आयोगको निर्णय अनुसार मिति २०८०।०५।१८ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
भोला दाहाल

<u>देहायः</u>

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | गोपाल चन्द्र लामासमेत २ जना (वि.अ. को मु.नं. ०७४-CR-०१९३), वि.अ. को फैसला मिति २०७९।१०।२५) | सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको। | •प्र. गोपाल चन्द्र लामाको हकमाः भ्र.नि. ऐन, २०५९ को दफा १७ को कसुरमा ऐ. ऐन को दफा ३(१)(ज) बमोजिम सजाय हुन र प्रतिवादी रामप्रसाद देवकोटाको हकमा भ्र.नि. ऐन, २०५९ को दफा १७ को कसुरमा ऐ. ऐन को दफा ३(१)(च) बमोजिम सजाय हुन। | **<u>फैसलाः</u>**<br>प्रतिवादी गोपालचन्द्र लामालाई सोही ऐनको दफा ३(१)(च) बमोजिम कसुरको मात्रा अनुसार ३(तीन) वर्ष ६(छ) महिना कैद र बिगो रु.२२,९९,३२९।—(वाइस लाख उनान्सय हजार तीन सय उन्नानतीस रुपैयाँ) बमोजिम जरिवाना भई दफा १७ बमोजिम निजले हानिनोक्सानी गरेको बिगो असुल उपर हुने र अर्का प्रतिवादी रामप्रसाद देवकोटालाई ठहर भएको कसुरमा सोही दफा ३(१)(च) बमोजिम कसुरको मात्रा अनुसार २(दुई) वर्ष ६(छ) महिना) कैद र बिगो रु.१०,५६,६६२।—(दश लाख छपन्न हजार छ सय बैसठ्ठी रुपैयाँ) बमोजिम जरिवाना भई दफा १७ बमोजिम निजले हानिनोक्सानी गरेको उक्त बिगो असुल उपर हुने।<br>**<u>विशेष अदालतले कम बिगो कायम गर्दा लिएका आधारः</u>**<br>• पेश्की रकम असुल उपर गर्न सक्ने नै देखिदा पेश्की फछ्र्यौट नगरेको कार्यलाई दावीको कसुर गरेको भन्न मिल्ने देखिएन,<br>• खर्च गरेको कुनै रकम लेखा परिक्षण हुँदा बेरुजु नदेखाइएको वा देखाइएको जे भए पनि यदि कानूनमा व्यवस्था भए बमोजिम बदनियतपूर्वक वा लापरवाही गरी आफूलाई फाइदा र नेपाल सरकारलाई हानि हुने गरी खर्च गरेमा भ्रष्टाचारको कसुरसमेत हुने देखियो। | • लामो समय सम्म आफुले लिएको सरकारी रकमको पेश्की फछ्र्यौट नगरी बसेको कुराबाट प्रतिवादीहरुको मनसाय तत्वमा बदनियत रहेको पुष्टि भएको देखिन्छ भने प्रतिवादीहरुको बदनियत रहेको कुरामा सम्मानित अदालतसमेत विश्वस्त रहेको,<br>• नेपाल सरकार विरुद्ध प्रतिवादी बलिराम दास कथवनियासमेत भएको सरकारी अनुदानको रकम हिनामिना तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा नि.नं.१०२०८ मा **भ्रष्टाचारमा व्यक्तिगत फाइदा लिने बद्नियत तत्त्वको विद्यमानता हुन्छ भने बेरूजुमा खर्च भएको रकम बिल भरपाइद्वारा पुष्टि भएको हुँदैन । भ्रष्टाचारको कसुर स्थापित हुन सरकारी सम्पत्ति दूषित मनसायबाट खर्च गरी हानि नोक्सानी पुऱ्याउने नियत र त्यसबाट आफूले लिनु खानु गरेको भन्ने प्रस्ट रूपमा देखिनु पर्ने।** भनी सिद्धान्त प्रतिपादन भएको पाइन्छ। प्रस्तुत मुद्दामा समेत प्रतावादीहरुले उक्त रकम लिनुखानु गरेको कुरा तथ्य स्विकार गरेको, पेश्की रकम निकासा भएको लामो समयसम्म पनि पेश्की फछ्र्यौट नगरी बसेको अवस्थामा निज प्रतिवादीहरुको दुषित मनसाय रहेको स-प्रमाण पुष्टी हुन आएको,<br>• भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५९(ङ) मा **कुनै राष्ट्रसेवक वा व्यक्तिउपर यस ऐन अन्तर्गत् मुद्दा दायर भएकोमा त्यस्तो राष्ट्रसेवक वा व्यक्तिउपर नेपाल सरकार वा सार्वजानिक संस्थालाई पुग्न गएको हानिनोक्सानी भराउन सकिने कुनै कानूनी व्यवस्था रहेछ भने सोही कारणले मात्र यस ऐन अन्तर्गत् मुद्दा चलाउन बाधा पुग्ने वा सोही कारणले मुद्दा खारेज हुने छैन** भन्ने कानूनी व्यवस्था समेत रहेको,<br>• सम्मानित अदालतले विगो कायम नगरेको प्रतिवादी गोपालचन्द्र लामाको रु.३९,१३,०००।—(उन्नचालीस लाख तेह्र हजार) र प्रतिवादी रामप्रसाद देवकोटाको रु. २२,६५,६००।—(बाईस लाख पैसठ्ठी हजार छ सय) रुपैया सामाजिक सुरक्षातर्फको रकम रहेको र निज प्रतिवादीहरुको उक्त कार्यले विभिन्न लाभग्राही व्यक्तिहरु समेत प्रतिवादीको कार्यवाट पिडित हुनुपरेको, अव उप्रान्त प्रतिवादीहरुवाट उक्त रकम असुल उपर भएतापनि |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | लाभग्राहीहरु प्रति पुग्न गएको क्षति असुल उपर हुन सक्ने अवस्था नरहेको। |
| २ | रविन्द्र नाथ चौधरीसमेत २ जना (वि.अ. को मु.नं. ०७८-CR-०००७), वि.अ. को फैसला मिति २०७९।१०।२०) | नक्कली स्थायी अध्यापन अनुमति पत्र बनाई भ्रष्टाचार गरेको। | • प्र. रविन्द्र नाथ चौधरीको हकमाः भ्र. नि. ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन तथा प्र. राम लखन चौधरीलाई भ्र. नि. ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुरमा मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुरमा ऐ. ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम कैद सजाय हुन। | <u>**फैसलाः**</u><br>प्र. रविन्द्र नाथ चौधरीलाई भ्र. नि. ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम कसुर गरेको र अर्का प्रतिवादी रामलखन चौधरीले उक्त नक्कली प्रमाणपत्र बनाउन सहयोग गरी मतियारको भूमिका निर्वाहा गरी ऐ.ऐनको दफा १६(१) बमोजिमको मतियारको कसूर गरेको ठहर्छ। सो ठहर्नाले प्रतिवादी रविन्द्र नाथ चौधरीलाई ऐ.ऐनको दफा १६(१) बमोजिम कसुरको मात्रासमेतलाई विचार गरी ६(छ) महिना कैद र रु.१०,०००।—(दश हजार) जरिवाना हुने र अर्का प्रतिवादी रामलखन चौधरीलाई दफा १६(१) र दफा २२ बमोजिम ३(तीन) महिना कैद र रु.५,०००।—(पाँच) हजार रुपैया जरिवाना हुने ठहर्छ भनी फैसला भएको अवस्था छ।<br><u>**विशेष अदालतले कम सजाय गर्दा लिएका आधारः**</u><br>• प्रतिवादी रविन्द्रनाथ चौधरीले मौकाको बयानमा प्रमाणपत्र नक्कली हो भन्ने थाहा थियो भन्ने व्यहोरा लेखाएको,<br>• रविन्द्रनाथ चौधरीको प्रमाणपत्र सम्बन्धमा साधिकार निकायमा रेकर्डमा नदेखिएको नक्कली कागजात प्रतिवादीका नाउँमा जारी भएको, त्यसलाई प्रयोगमा ल्याई निजले फाइदा लिएको देखिएको,<br>• प्रतिवादी रविन्द्रनाथ चौधरीले सात हजार रुपैंया दिएर यिनै प्रतिवादीले उक्त प्रमाणपत्र बनाई दिएका हुन भनी पोल गरेको साथै उक्त नक्कली प्रमाणपत्र प्रतिवादीको घरवाट बरामद भएको,<br>• बरामदी मुचुल्का र सहप्रतिवादीले गरेको बयान व्यहोरावाट रविन्द्रनाथ चौधरीलाई नक्कली स्थायी अध्यापन अनुमतिपत्र बनाई मतियारको भूमिका निर्वाह गरेको। | • भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ मा **"यस ऐनमा छुट्टै व्यवस्था भएकोमा वाहेक यस ऐन अन्तर्गत सजाय हुने कुनै कसुरको मतियारलाई त्यस्तो कसुर गर्ने राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिलाई हुने सजायको आधा सजाय हुनेछ। तर कसुर गर्ने राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिलाई त्यस्तो कसुर गरेवापत नगदी, जिन्सी, वा अन्य कुनैं सुविधा वा लाभ उपलव्ध गराई दिने वा आफूले लिने मतियारलाई कसुर गर्ने व्यक्ति सरह नै सजाय हुनेछ"** भन्ने व्यवस्था रहेकोमा प्रतिवादी रामलखन चौधरीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुरमा मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुरमा ऐ. ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिमको कसुर गरेको पुष्टी भएको छ भने सम्मानित अदालतले समेत प्रतिवादीले उक्त कसुर गरेको भनी कसुर ठहर गरेको फैसलावाट देखिन आउँछ। ऐनको कानूनी व्यवस्था हेर्दा... **तर कसुर गर्ने राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिलाई त्यस्तो कसुर गरेवापत नगदी, जिन्सी, वा अन्य कुनैं सुविधा वा लाभ उपलव्ध गराई दिने वा आफूले लिने मतियारलाई कसुर गर्ने व्यक्ति सरह नै सजाय हुनेछ।** भन्ने व्यवस्था रहेको हुँदा प्रतिवादी रविन्द्रनाथ चौधरीलाई ऐ.ऐनको दफा १६(१) बमोजिम कसुरको मात्रासमेतलाई विचार गरी ६(छ) महिना कैद र रु.१०,०००।—(दश हजार) जरिवाना हुने भनी सजाय गरेकोमा अर्का प्रतिवादी रामलखन चौधरीलाई समेत सोही बमोजिम सजाय हुनुपर्नेमा ऐ.ऐनको दफा १६(१) र दफा २२ बमोजिम ३(तीन) महिना कैद र रु.५,०००।—(पाँच) हजार रुपैया जरिवाना हुने भनी आधा सजाय मात्रै गरेको। |